# मिसन

## परमेश्वरको उद्धारपूर्ण उद्देश्य प्रकट हुँदै गरेको कथा

प्रार्थना, उपवास, र
शुद्धीकरणको हप्ता

२०२६

# मिसन

परमेश्वरको उद्धारपूर्ण
उद्देश्य प्रकट हुँदै गरेको कथा

EVERY NATION

© 2025 by Every Nation Churches & Ministries. सर्वाधिकार सुरक्षित।

Scripture quotations, unless otherwise noted, are from The Holy Bible, English Standard Version (ESV) Copyright 2001 by Crossway, a publishing ministry of Good News Publishers.

**#ENFast2026**

**EveryNation.org/Fasting**

# मिसन

## विषय-सूची

उपवासको लागि तयारी ........ २

मेरो योजना ........ ५

परिचय: परमेश्वरको महिमा ........ १४

पहिलो दिन: वृद्धि हुने आज्ञा ........ १८

दोस्रो दिन: अब्राहामको आशिष् ........ २२

तेस्रो दिन: पृथ्वीको पल्लो छेउसम्म ........ २६

चौथो दिन: मिसनका परमेश्वर ........ ३०

पाचौं दिन: जाने महाआदेश ........ ३४

निष्कर्ष: सिहासनमा थुमा ........ ३८

# उपवासको तयारी

## उपवास किन बस्ने?

उपवास एक आत्मिक हतियार हो जसलाई परमेश्वरले आफ्नो राज्य विस्तार गर्न, राष्ट्रहरूको भविष्य बदल्न, जागृति ल्याउन र मानिसहरूको जीवनमा ठूला-ठूला काम गर्न (breakthroughs) का लागि प्रयोग गर्नुहुन्छ। एश्री नेशनका मण्डलीहरू र क्याम्पस सेवाकाईहरूले प्रत्येक वर्षको सुरुमा पाँच दिन प्रार्थना र उपवाससहित परमेश्वरको अघि आफूलाई विनम्र तुल्याउन, आउने वर्षका लागि आफूलाई उहाँमा शुद्धीकरण गर्न र सामूहिक रूपमा ठूला-ठूला कामहरूका निम्ति एकमत हुनका लागि समय बिताउँछन्।

### येशू उपवास बस्नुभयो।

> *तब दियाबलसद्वारा परीक्षा गरिनलाई पवित्र आत्माद्वारा येशू उजाड-स्थानमा लगिनुभयो। उहाँ चालीस दिन र चालीस रातसम्म उपवास बसिसकेपछि भोकाउनुभयो।* **मत्ती ४:१-२**
>
> *येशू पवित्र आत्माको शक्तिमा गालील फर्कनुभयो, र उहाँका विषयमा वरिपरिका सबै ठाउँमा हल्ला फिंजियो।* **लूका ४:१४**

आफ्नो उद्देश्यहरूलाई पूरा गर्नको लागि आत्मिक सामर्थ्यको आवश्यकता पर्नेछ भन्ने कुरा येशूलाई थाहा थियो। उपवासले हामीलाई आत्मिक रूपमा दह्रिलो बनाउँछ र हामीलाई परमेश्वरको कामको लागि तयार गर्छ।

### उपवास नम्रता र शुद्धीकरणको एउटा कार्य हो।

> *तब हाम्रा परमेश्वरको सामु हामी आफूलाई दीन तुल्याउन, र हाम्रा आफ्नै निम्ति, हाम्रा बालबच्चाहरूका निम्ति र हाम्रा सबै सम्पत्तिका निम्ति उहाँसँग कुशलको यात्रा मागौं भनी मैले त्यहाँ अहावा नदीको किनारमा उपवास बस्ने घोषणा गरें।* **एज्रा ८:२१**

प्रार्थना र उपवासद्वारा आफैलाई नम्र तुल्याएपछि, हामीले हाम्रा प्रार्थनाको निम्ति परमेश्वरले दिनुभएका उत्तरहरू प्राप्त गर्छौं।

### उपवासले हामीलाई पवित्र आत्माप्रति संवेदनशील बन्न सहायता गर्छ।

> *तिनीहरूले आराधना गरिरहेका र उपवास बसिरहेका बेला पवित्र आत्माले भन्नुभयो, "मेरो निम्ति बारनाबास र शाऊललाई त्यस कामको लागि अलग्ग गर, जुन कामको निम्ति मैले तिनीहरूलाई बोलाएको छु।"* **प्रेरित १३:२**

जब हामी आफैलाई प्राकृतिक तृष्णा र सांसारिक वाधाहरूबाट अलग गर्छौं, तब हामी परमेश्वरको आवाजप्रति अझै बढी संवेदनशील बन्छौं, जसले हामीलाई परमेश्वरमा ध्यान केन्द्रित गर्न र उहाँको इच्छामा समर्पित हुन मद्दत गर्छ।

### उपवासले जागृति ल्याउँछ।

> *तिमीहरूका मानिसहरूले पुराना भग्नावशेष फेरि बनाउनेछन्। धेरै पुराना जगहरू तिनीहरूले उठाउनेछन्। तिमीहरू 'भत्केका पर्खालहरू निर्माण गर्ने' र 'बस्ने घरहरूका निम्ति बाटो फेरि नयाँ बनाउनेहरू' भनिनेछौ।* **यशैया ५८:१२**

इतिहासभरि, परमेश्वरले प्रार्थना र उपवासको प्रतिक्रिया स्वरूप जागृति ल्याउनुभएको छ र राष्ट्रहरूलाई विपत्तिबाट छुटकारा दिनुभएको छ। उपवासले हामीलाई प्रार्थना र अन्तर्बिन्तीमा स्थिर हुन सहायता गर्छ।

### उपवास स्वास्थ्यवर्धक छ।

उपवासले तपाईंको पाचन प्रणालीलाई सफा गर्छ र यसबाट बिकारहरू निकाल्छ। निश्चित एलर्जीहरू र रोगहरूको उपचार गर्न उपवास बस्नुपर्छ भन्ने सल्लाह डाक्टरहरूले दिने गर्छन्। उपवासको अनुशासनले हामीलाई हाम्रो जीवनका अस्वस्थ लतहरू छोड्न सहयोग गर्छ।

# उपवास योजना

> *यहोशूले मानिसहरूलाई भने, "तिमीहरू आफैलाई पवित्र बनाओ, किनकि भोलि तिमीहरूका बीचमा परमप्रभुले उदेकका काम गर्नुहुनेछ।"* **यहोशू ३:५**

**प्रार्थना गर्नुहोस्**—उपवास बस्नुभन्दा पहिले बाइबल अध्ययन गरी समय बिताउनुहोस्। आफ्ना प्रार्थनाहरूमा पवित्र आत्मालाई अगुवाइ माग्नुहोस्। पेज ७-९ मा, आफ्नो विश्वास सम्बन्धी उद्देश्यहरू र तपाईंको परिवार, इष्टमित्र, मण्डली र राष्ट्र सम्बन्धी निश्चित प्रार्थनाका विषयहरू लेख्नुहोस्।

**समर्पित हुनुहोस्**—तपाईंले कुन किसिमको उपवास बस्न लाग्नुभएको छ त्यसको बारेमा प्रार्थना गर्नुहोस् र उपवास सुरु गर्नुभन्दा पहिले नै यसप्रति समर्पित हुनुहोस्। पेज ५ मा आफ्नो योजना लेख्नुहोस्। आफूले बनाएका योजनाहरूलाई पूरा गर्नको लागि सहायता गर्न परमेश्वरलाई अनुग्रहको लागि अनुरोध गर्नुहोस्।

**व्यवहारमा लागू गर्नुहोस्**—उपवास सुरु गर्नुभन्दा केही दिन पहिले खानाको मात्रालाई थोरै-थोरै गर्दै घटाउँदै जानुहोस्। बढी सुगर वा चीनीयुक्त र चिल्लो पदार्थ भएका खानेकुरा नखानुहोस्। उपवास बस्ने हप्तामा शारीरिक र सामाजिक क्रियाकलापहरूलाई सीमित गर्नुहोस्। उपवासको अवधिभरि तपाईंको प्रार्थनाको साथीको रूपमा बसिदिन कुनै व्यक्तिलाई अनुरोध गर्नुहोस् र उक्त व्यक्तिलाई पेज ५ मा हस्ताक्षर गर्न लगाउनुहोस्।

***नोट:** डाक्टरसँग सल्लाह लिनुहोस्, विशेष गरी तपाईं गर्भवती महिला, शिशुको आमा हुनुहुन्छ, वा औषधी सेवन गर्दै हुनुहुन्छ भने। यदि तपाईंको परिस्थितिको कारण, तपाईं पूरा समयको उपवास बस्न सक्नुहुन्न भने, तपाईंको लागि के गर्न उचित हुन्छ सो निर्धारण गर्नुहोस्।*

# उपवासको समयमा

> [येशूले] जवाफ दिनुभयो, "लेखिएको छ, 'मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ।'" **मत्ती ४:४**

**ध्यान केन्द्रित गर्नुहोस्**—भक्तिपूर्ण ध्यानमा समय बिताउनको लागि समय छुटाउनुहोस्। परमेश्वरको वचन र पवित्र आत्माको अगुवाइप्रति प्रतिक्रिया दिन तयार हुनुहोस्।

**प्रार्थना गर्नुहोस्**—तपाईंको स्थानीय मण्डलीमा हुने कम्तीमा एउटा प्रार्थना सेवामा सहभागी हुनुहोस्। हप्ताभरि आफ्नो परिवार, पाष्टरहरू, राष्ट्र, क्याम्पसहरू, र मिसनहरूको लागि मध्यस्थ बिन्ती प्रार्थना गर्नुहोस्।

**परिपूर्ति गर्नुहोस्**—खानाको समयमा, बाइबल पढ्नुहोस् र प्रार्थना गर्नुहोस्। पर्याप्त पानी पिउनुहोस् र सकेसम्म धेरै विश्राम गर्नुहोस्। शारीरिक कमजोरी र अधैर्यता र आवेगजस्ता मानसिक झिजोपनका अस्थाई समस्याहरूको सामना गर्न तयार हुनुहोस्।

# उपवास तोड्ने

> *परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ। हामीले प्रार्थनामा जेसुकै मागे तापनि परमेश्वरले सुन्नुहुन्छ भनी हामी जान्दछौं भने, यो पनि जान्दछौं कि उहाँलाई हामीले जे मागेका छौं त्यो हामीलाई प्राप्त भएको छ।* **१ यूहन्ना ५:१४-१५**

**खानुहोस्**—बिस्तारै ठोस खानेकुरा खाँदै जानुहोस्। सामान्य आहार पचाउनको लागि तपाईंको शरीरलाई समय लाग्नेछ। फलफूल, जुस, र सलादबाट सुरु गर्नुहोस् अनि थप सागसब्जीहरू थप्दै जानुहोस्। दिनभरि थोरै-थोरै गरी धेरै पटक खानुहोस्।

**प्रार्थना गर्नुहोस्**—प्रार्थना गर्ने कार्यलाई नरोक्नुहोस्! परमेश्वरको विश्वासयोग्यता र समय तालिकामाथि भरोसा गर्नुहोस्। परमेश्वरको निम्ति तपाईंले प्राप्त गर्नुभएको आफ्नो जोसलाई वर्षैंभरि कायम राख्नुहोस्। परमेश्वरले तपाईंका प्रार्थनाहरूको उत्तर दिनुहुनेछ भनेर विश्वासमा नै रहिरहनुहोस्।

# मेरो योजना

## पहिलो दिन

☐ पानी मात्र ☐ तरल पदार्थ मात्र ☐ एक छाक खाना मात्र ☐ अन्य:

सहभागी हुनुपर्ने प्रार्थना सेवा(हरू):

## दोस्रो दिन

☐ पानी मात्र ☐ तरल पदार्थ मात्र ☐ एक छाक खाना मात्र ☐ अन्य:

सहभागी हुनुपर्ने प्रार्थना सेवा(हरू):

## तेस्रो दिन

☐ पानी मात्र ☐ तरल पदार्थ मात्र ☐ एक छाक खाना मात्र ☐ अन्य:

सहभागी हुनुपर्ने प्रार्थना सेवा(हरू):

## चौथो दिन

☐ पानी मात्र ☐ तरल पदार्थ मात्र ☐ एक छाक खाना मात्र ☐ अन्य:

सहभागी हुनुपर्ने प्रार्थना सेवा(हरू):

## पाचौं दिन

☐ पानी मात्र ☐ तरल पदार्थ मात्र ☐ एक छाक खाना मात्र ☐ अन्य:

सहभागी हुनुपर्ने प्रार्थना सेवा(हरू):

> *पृथ्वीमा तिमीहरूमध्ये दुई जना कुनै कुरामा सहमत भई केही माग्यौ भने, त्यो स्वर्गका मेरा पिताद्वारा तिमीहरूका निम्ति हुनेछ।* **मत्ती १८:१९**

## मेरो प्रार्थना सहकर्मी:

# म यी कुराहरूका निम्ति परमेश्वरप्रति कृतज्ञ छु . . .

## उत्तर दिइएका प्रार्थनाहरू

२०२५ का मुख्य घटनाहरू, उत्तर प्राप्त गरिएका प्रार्थनाहरू, र सिकिएका पाठहरूलाई सूचीकृत गर्नुहोस्।

# २०२६ मा, म निम्न क्षेत्रमा परमेश्वरको खोजी गर्नेछु र उहाँलाई भरोसा गर्नेछु:

### विश्वास सम्बन्धी व्यक्तिगत उद्देश्यहरू

आत्मिक जागृति, शारीरिक चङ्गाइ, समृद्धि र उदारता . . .

### मेरो परिवार

सम्बन्धहरूको पुनर्स्थापना, परिवारको मुक्ति . . .

### मेरो शिक्षा/करियर

उत्कृष्टता, बढुवा . . .

### मेरो सेवकाइ

सानो समूहको वृद्धि, सहकर्मी र सहपाठीहरूको मुक्ति . . .

# म निम्न विषयमा प्रार्थना गर्ने सङ्कल्प गर्छु . . .

नाम

अनुरोध(हरू)

# म निम्न विषयमा प्रार्थना गर्नको लागि समर्पित हुनेछु . . .

### मेरो मण्डली

मण्डलीको नेतृत्व, प्रबन्ध, चेलापनको सेवकाई . . .

### मेरो समाज

क्याम्पसहरू, स्थानीय सरकार, सुसमाचार प्रचारका अवसरहरू . . .

### मेरो राष्ट्र

सरकारी अधिकारीहरू, आत्मिक जागृति, आर्थिक समृद्धि, शान्ति . . .

# मिसन २०२९

२०२९ सम्ममा २० वटा नयाँ राष्ट्रहरूमा
क्याम्पस-केन्द्रित मण्डलीहरू स्थापना गर्ने
विश्वव्यापी विस्तारको रणनीति।

**मिसन २०२९ सुरु गरेदेखि, हामीले चार वटा नयाँ राष्ट्रहरूमा मण्डलीहरू स्थापना गरेका छौं।**

**८४**
**एभ्री नेशन चर्चहरू भएका राष्ट्रहरू**

**सेप्टेम्बर २०२५ सम्मको तथ्याङ्क*

**११** **आउटरिचहरू** नयाँ राष्ट्रहरूमा

**७११** **मण्डलीहरू**

**१,४०५** **विश्वविद्यालय क्याम्पसहरू**

## राष्ट्रहरू माग्नुहोस्

*मसँग माग, र म जातिहरूलाई तिम्रो उत्तराधिकार तुल्याइदिनेछु, र समस्त पृथ्वी तिम्रो निजी सम्पत्ति तुल्याइदिनेछु।* **भजनसंग्रह २:८**

## खेतालाहरू माग्नुहोस्

*फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदेऊन्।*

**मत्ती ९:३८**

## पवित्र आत्मा माग्नुहोस्

*तिमीहरू दुष्ट भईकन आफ्ना छोराछोरीहरूलाई असल थोकहरू दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढ़ी गरेर पवित्र आत्मा दिनुहुन्छ?* **लूका ११:१३**

# नयाँ मण्डलीहरू स्थापनाको लागि प्रार्थना गर्नुहोस्।

**सेप्टेम्बर २०२५ सम्ममा, १९ वटा राष्ट्रहरूमा सक्रिय आउटरिच रहेको छ।*

- ☐ अफगानिस्तान
- ☐ अल्बानिया
- ☐ अल्जेरिया
- ☐ एंडोरा
- ☐ अंगोला
- ☐ एन्टिगुवा र बार्बुडा
- ☐ अर्जेन्टिना
- ☐ *अजरबैजान**
- ☐ बहामास
- ☐ बारबाडोस
- ☐ बेलारुस
- ☐ बेलीज
- ☐ बोस्निया र हर्जगोभिना
- ☐ *ब्राजिल**
- ☐ बुल्गेरिया
- ☐ बुर्किना फासो
- ☐ केप भर्डे
- ☐ क्यामरून
- ☐ मध्य अफ्रीकी गणराज्य
- ☐ चाड
- ☐ चिली
- ☐ कोमोरोस
- ☐ कंगो
- ☐ *क्युबा**
- ☐ साइप्रस
- ☐ *(DRC) कंगो**
- ☐ डेनमार्क
- ☐ जिबुटी
- ☐ डोमिनिका
- ☐ *इक्वेडर**
- ☐ *इजिप्ट**
- ☐ एल साल्भाडोर
- ☐ इक्वेटोरियल गिनी
- ☐ एरित्रिया
- ☐ इस्टोनिया
- ☐ इथियोपिया
- ☐ *फिनल्यान्ड**
- ☐ गाम्बिया
- ☐ जर्जिया
- ☐ ग्रीस
- ☐ ग्रेनाडा
- ☐ *ग्वाटेमाला**
- ☐ गिनी
- ☐ गिनि-बिसाऊ
- ☐ गुयाना
- ☐ हैटी
- ☐ *हन्डुरास**
- ☐ हंगेरी
- ☐ *आइसल्याण्ड**
- ☐ इराक
- ☐ इस्राएल
- ☐ *इटाली**

- [ ] *जमैका**
- [ ] किरिबाती
- [ ] लात्भिया
- [ ] लेबनान
- [ ] लेसोथो
- [ ] लीबिया
- [ ] लिएखटेन्स्टाइन
- [ ] लिथुआनिया
- [ ] *लक्समबर्ग**
- [ ] माकेडोनिया
- [ ] माली
- [ ] माल्टा
- [ ] मार्शल आयल्यान्डस्
- [ ] माउरिटानिया
- [ ] माइक्रोनेसिया
- [ ] माल्डोवा
- [ ] मोनाको
- [ ] मोन्टेनेग्रो
- [ ] *मोजाम्बिक**
- [ ] नउरु
- [ ] निकारागुआ
- [ ] नाइजर
- [ ] उत्तर कोरिया
- [ ] नर्वे
- [ ] *पलाउ**
- [ ] प्यालेष्टाइन
- [ ] पाराग्वे
- [ ] रोमानिया
- [ ] रूस
- [ ] रवान्डा
- [ ] सेन्ट किट्स र नेविस
- [ ] सेन्ट लुसिया
- [ ] सेन्ट भिन्सेन्ट र ग्रेनाडाइन्स
- [ ] *सामोआ**
- [ ] सान मारिनो
- [ ] साओ टोम र प्रिन्सिप
- [ ] सेनेगल
- [ ] सर्बिया
- [ ] सेचिलिस
- [ ] सियरा लियोन
- [ ] स्लोभाकिया
- [ ] स्लोभेनिया
- [ ] *सोलोमन द्वीप**
- [ ] सोमालिया
- [ ] दक्षिण सुडान
- [ ] सुडान
- [ ] सुरिनाम
- [ ] *स्विट्जरल्यान्ड**
- [ ] सिरिया
- [ ] तान्जानिया
- [ ] *टोङ्गा**
- [ ] ट्रिनिडाड एन्ड टोबागो
- [ ] टुनिशिया
- [ ] तुर्कमेनिस्तान
- [ ] टुभालु
- [ ] उरुग्वे
- [ ] भानुवातु
- [ ] भ्याटिकन सिटि
- [ ] यामेन

परिचय

# परमेश्वरको महिमा

**परमेश्वरको अन्तिम उद्देश्य भनेको ख्रीष्टको उद्धारको काम मार्फत पृथ्वीलाई आफ्नो महिमाले भर्नु हो, जुन काम उहाँका उद्धार पाएका मानिसहरूले अघि बढाउँछन्।**

**गन्ती १४:२१**

*तापनि, जस्तो म जीवित छु र जसरी मेरो महिमाले पृथ्वी भरिएको छ।*

मोशाको लागि त्यो एक लामो रात थियो। दस जासुसहरूले किल्लाबन्दी गरिएका सहरहरूका बारेमा र अग्ला-अग्ला मानिसहरू रहेका बारेमा नराम्रो खबर ल्याएका थिए। पालैपिच्छे डर फैलिएको थियो। स्त्रीहरू आफ्ना छोराछोरीका लागि रोइरहेका थिए। पुरुषहरू पछि फर्कने कुरा गर्दैथिए। गनगन र विद्रोहको आवाजले वातावरण भरिएको थियो।

अनि परमप्रभुले मोशालाई भन्नुभयो, “यी मानिसहरूले मलाई कतिसम्म तिरस्कार गरिरहनेछन्? यिनीहरूका बीचमा मैले गरेका चिन्हहरू देखेर पनि यिनीहरूले कतिसम्म ममाथि अविश्वास गर्नेछन्? यिनीहरूलाई म रूढीले नाश गर्नेछु।”

मोशाले बिन्ती गरे, “बिन्ती छ, तपाईंको महान् करुणाअनुसार, यी मानिसहरूको अधर्म क्षमा गर्नुहोस्।”

तब परमप्रभुले भन्नुभयो, “तैंले भनेबमोजिम मैले यिनीहरूलाई क्षमा गरिदिएको छु।”

तैपनि इस्राएलको अविश्वासका बीचमा पनि, परमेश्वरले एउटा प्रतिज्ञा घोषणा गर्नुभयो जसले उहाँको महान् उद्धारको मिसनलाई समेट्छ: “सारा पृथ्वी उहाँको महिमाले भरिनेछ।”

यो बाइबलीय कथाको मुटु हो, आफ्नो सृष्टिका लागि परमेश्वरले बनाउनुभएको उद्धारको मिसन। अन्धकारमा परेको मानवजातिको दुष्टता र विद्रोहको बाबजुद पनि, परमेश्वरले यस पृथ्वीलाई आफ्नो महिमाले भर्नुहुनेछ।  पतन भएको संसार भग्नावशेष र हराएका मानिसहरूबाट, परमेश्वरले मानवजाति र ब्रह्माण्डलाई उहाँको मूल उद्देश्यको सुन्दरतामा पुनर्स्थापना गर्नुहुनेछ। "किनकि समुद्र पानीले ढाकिएझैं पृथ्वी परमप्रभुका महिमाको ज्ञानले भरिपूर्ण हुनेछ" (हबकूक २:१४)।

परमेश्वरको महिमा उहाँको त्रिएक स्वभावको तेज प्रकाश हो—उहाँको शक्ति, सुन्दरता, र पवित्रता जुन त्रीएकका ईश्वरीय व्यक्तिहरू बीचको सम्बन्धमा रहन्छ। यो महिमा ताराहरूमा, पृथ्वीमा र उहाँले बनाउनुभएका यावत् थोकमा चम्कन्छ। उहाँको महिमाको निम्ति जिउनु नै हाम्रो "मुख्य उद्देश्य" हो।[क]

उत्पत्तिदेखि प्रकाशसम्म, धर्मशास्त्रले यही महिमाको घोषणा गर्दछ। हामी यसलाई परमेश्वरले बोलेर ब्रह्माण्डलाई अस्तित्वमा ल्याउनुभएको कुरामा अर्थात् सृष्टिका पहिलो शब्दहरूमा देख्छौं।  हामी स्वर्गको आराधनाको आवाज सुन्छौं, जहाँ यसो भन्ने आवाजहरू आउँछन्, "तपाईं महिमा ग्रहण गर्न योग्य हुनुहुन्छ" (प्रकाश ४:११)। पावलले हामीलाई "सबै कुरा... उहाँकै महिमाको निम्ति हो" (रोमी ११:३६)। आकाशले पनि यसको घोषणा गर्छ (भजनसंग्रह १९:१), र सम्पूर्ण सृष्टि यस गीतमा सामेल हुन्छ।

तर परमेश्वरको महिमाको सर्वोच्च अभिव्यक्ति उहाँका पुत्र येशू नै हुनुहुन्छ—जो परमेश्वरको देखिने प्रकटीकरण र उहाँको महिमाको तेज प्रकाश हुनुहुन्छ (हिब्रू १:३)। जब येशूले पापीहरूलाई बचाउनुहुन्छ, तब उहाँले आफ्नो अनुग्रह, सत्यता, प्रेम र न्याय प्रदर्शन गरेर परमेश्वरको महिमा बढाउनुहुन्छ। हामीले यो मुक्तिको अनुभव गर्छौं र हामीलाई एउटा ईश्वरीय आदेश दिइएको छ: पृथ्वीलाई आफ्नो महिमाले भर्ने परमेश्वरको मिसनमा सहभागी हुने।

जब परमेश्वरले हामीलाई उहाँको महाआदेशमा आमन्त्रित गर्नुहुन्छ, तब मोशालाई दिइएको उहाँको प्रतिज्ञा पूरा हुनेछ भन्ने कुरामा हामीले भरोसा गर्न सक्छौं। उहाँको योजना भनेको आफ्नो करारका मानिसहरूसँग आफ्नो महिमा बाँड्नु हो। यो "महिमाको आशा" (कलस्सी १:२७) हाम्रो मिसनको मुटु हो—हामीले गर्ने सबै कामको पछाडिको प्रेरणा हो।  जब हामी मिसनमा संलग्न हुन्छौं, तब हामीले परमेश्वरको आदर गरिरहेका हुन्छौं र उहाँको महिमा प्रतिबिम्बित गरिरहेका हुन्छौं।

के तपाईं परमेश्वरको मिसनमा सहभागी भएर उहाँको महिमा गर्न तयार हुनुहुन्छ?

---

क. वेस्टमिनिस्टर छोटो प्रश्नोत्तर (Westminster Shorter Catechism) को पहिलो प्रश्न यस्तो छ: मानिसको मुख्य उद्देश्य के हो? उत्तर:  मानिसको मुख्य उद्देश्य परमेश्वरको महिमा गर्नु र सधैंभरि उहाँमा रमाउनु हो।  ((वेस्टमिनिस्टर छोटो प्रश्नोत्तर, प्रश्न १, https://thewestminsterstandard.org/westminster-shorter-catechism मा उपलब्ध छ।)

## थप अध्ययन

भजनसंग्रह ४६:१०; यशैया ११:९; ४०:५; यर्मिया ४:१–२; हबकूक २:१२–१४; रोमी १४:११

## मनन

हामीलाई परमेश्वरको महिमामा सहभागी हुनका लागि बोलाइएको छ। यो ज्ञानले तपाईंको जीवन जिउने, सेवा गर्ने र मिसनमा संलग्न हुने तरिकालाई कसरी प्रभाव पार्न सक्छ?

## व्यावहारिक प्रयोग

तपाईंको जीवनको एउटा क्षेत्र (काम, परिवार, सेवकाई, सम्बन्धहरू) पहिचान गर्नुहोस् जहाँ तपाईं परमेश्वरको महिमाको लागि अझ उद्देश्यपूर्ण रूपमा जिउन सक्नुहुन्छ, र यस हप्ता उहाँलाई आदर गर्ने प्रतिबद्धता गर्नुहोस्।

*आजको भजन*

**वी क्राई होली (We Cry Holy)**

## प्रार्थना

हे *महिमाका परमेश्वर,* तपाईंको तेजमय प्रकाशले स्वर्ग र पृथ्वी भरिएको छ। तपाईंको प्रतिज्ञा अटल छ: तपाईंले *सारा पृथ्वीलाई* आफ्नो महिमाले भर्नुहुनेछ। तपाईं सृष्टिमा, उद्धारमा र तपाईंको पुत्रको तेजमय प्रकाशमा चम्कनुहुन्छ।

हामीले गर्ने सबै काममा हाम्रो जीवनले तपाईंको महिमा प्रतिबिम्बित गरोस्। *संसार तपाईंको ज्ञानले नभरिएसम्म* हामीलाई तपाईंको सत्यता घोषणा गर्ने तपाईंको ज्योतिका वाहक बनाउनुहोस्। तपाईंले हाम्रो सामुन्ने राख्नुभएको मिसनका लागि हामीलाई बलियो बनाउनुहोस्, ताकि हामीले तपाईंको आदर गर्न सकौं र *राष्ट्रहरूका बीचमा* तपाईंको नाउँ चिनाउन सकौं।

किनकि महिमा अहिले र सधैंभरि तपाईंकै हो। *आमेन।*

पहिलो दिन

# वृद्धि हुने आज्ञा

**बगैंचादेखि राष्ट्रहरूसम्म, संसारलाई उद्धार पाएका आराधकहरूद्वारा भर्नु नै सधैँ परमेश्वरको योजना रहिआएको छ।**

**उत्पत्ति १:२८**

*परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ। समुद्रका माछाहरू, आकाशका पन्छीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर।"*

परमेश्वरको मिसनमा रहेको हाम्रो भाग बगैंचाबाट सुरु भयो—एउटा आनन्दको ठाउँ जहाँ परमेश्वर दिनको शीतल समयमा आफ्ना मित्रहरूसँग हिँड्नुहुन्थ्यो। उहाँले तिनीहरूलाई एउटा मिसन सुम्पनुभयो: बगैंचाको स्याहार गर्ने, त्यसलाई फलाउने-फुलाउने र पृथ्वीलाई उहाँको महिमाले भर्ने। तिनीहरू उहाँको स्वरूपमा सन्तान जन्माएर, सृष्टिभरि उहाँको उपस्थिति फैलाउँदै वृद्धि हुनुपर्नेथियो।

तर भयानक घटना घट्यो। आदम र हव्वाले अनाज्ञाकारिता र विद्रोह रोजे। तिनीहरूद्वारा संसारमा पाप प्रवेश गर्‍यो, यसको श्राप सृष्टिभरि फैलियो, र हामीले आज यसको भार र पीडा महसुस गर्छौं। पृथ्वीलाई परमेश्वरको महिमाले भर्नुको सट्टा, मानवजातिले यसलाई हिंसा र भ्रष्टताले भरिदियो (उत्पत्ति ६:५, ११)। हाम्रो मूल मिसन बिग्रियो तर त्यागिएन। परमेश्वरले मानवजातिमा आफ्नो स्वरूप र पृथ्वीमा आफ्नो महिमा पुनर्स्थापना गर्न उद्धारको योजना अघि बढाउनुभयो।

जलप्रलयपछि उहाँले नूहलाई भन्नुभयो: "फल्दै-फुल्दै, वृद्धि हुँदै र पृथ्वीमा भरिँदैजाओ" (उत्पत्ति ९:१)।

उहाँले अब्राहामलाई चुन्नुभयो: "तँद्वारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछन्" (उत्पत्ति १२:३)।

उहाँले इस्राएललाई "पूजाहारीहरूको एक राज्य र एक पवित्र जाति" हुन बोलाउनुभयो (प्रस्थान १९:६)। त्यसपछि उहाँले आफ्नो पुत्र पठाउनुभयो।

येशू, जो सिद्ध स्वरूप-धारण गर्ने हुनुहुन्छ, उहाँ पापले ध्वस्त पारेको कुरालाई पुनर्स्थापना गर्न आउनुभयो। ख्रीष्टको मृत्यु र पुनरुत्थानद्वारा, उहाँले मूल आदेशलाई नवीकरण गर्नुभयो (यद्यपि यसको पूर्णता उहाँको आगमनमा हुनेछ)। महाआदेशले, उत्पत्ति १ को प्रतिध्वनि गर्दै, हामीलाई सबै जातिहरूलाई चेला बनाउन र परमेश्वरको महिमा प्रतिबिम्बित गर्ने ती उद्धार पाएका मानिसहरूले पृथ्वीलाई भर्नका निम्ति बोलावट दिन्छ।

पहिलो आदम आफ्नो बोलाहटमा असफल भए, तर दोस्रो आदमले आफ्नो बोलाहट पूरा गर्नुभयो। जब पवित्र आत्माले हामीलाई ख्रीष्टको स्वरूपमा परिवर्तन गर्नुहुन्छ (२ कोरिन्थी ३:१८), हामी उहाँको मिसनलाई काँधमा लिन्छौं—सुसमाचार फैलाउने र राष्ट्रहरूलाई चेला बनाउने काम गर्छौं।

बगैंचाबाट सुरु भएको कथा सहरमा गएर टुङ्गिनेछ—नयाँ यरूशलेम, जो आफ्नो दुलहाको निम्ति सिङ्गारिएकी दुलहीझैं स्वर्गबाट ओर्लनेछ। यूहन्नाले यो देखे: हरेक कुल र भाषाका मानिसहरूको ठूलो भीड परमेश्वरको सिहासनको अगाडि भेला भएको। एक दिन, परमेश्वरले सबै थोक पुनर्स्थापना गर्नुहुनेछ, उहाँका मानिसहरूले उहाँसँगै राज्य गर्नेछन्, र सारा पृथ्वी उहाँको महिमाले भरिनेछ।

तबसम्म, हामी सुसमाचार घोषणा गर्न र चेलाहरू वृद्धि गर्न उहाँको शक्तिमा हिंड्नुपर्छ।

## थप अध्ययन

उत्पत्ति २२:१८; भजनसंग्रह ८:६–८; दानिएल ७:१३–१४; रोमी ८:२०–२२; प्रकाश ७:९

## मनन

महाआदेशले पृथ्वी भर्ने परमेश्वरको मूल आज्ञालाई प्रतिबिम्बित गर्छ। चेला बनाउने र आफ्नो क्याम्पस, समुदाय र त्योभन्दा बाहिर परमेश्वरको महिमा फैलाउने कार्यमा आफ्नो सक्रियता बढाउन तपाईंले कस्ता कदमहरू चाल्नुपर्छ?

## व्यावहारिक प्रयोग

आफ्नो क्याम्पस वा समुदायको वरिपरि प्रार्थना यात्रा (prayer walk) गर्नुहोस्, र मुक्ति तथा पुनर्स्थापनाद्वारा परमेश्वरको राज्य आओस् भनेर प्रार्थना गर्नुहोस्।

*आजको भजन*

**दिस इज योर चर्च (This Is Your Church)**

## प्रार्थना

हे सम्पूर्ण सृष्टिका पिता, सुरुदेखि नै तपाईंले *पृथ्वीलाई* तपाईंको महिमा प्रतिबिम्बित गर्ने आराधकहरूले भर्ने योजना बनाउनुभएको छ। तपाईंले आदम र हव्वालाई *यो मिसनको* आशिष् दिनुभयो, तर पापले फल्नु-फुल्नुपर्ने कुरालाई ध्वस्त पार्‍यो। तर आफ्नो कृपामा, तपाईंले हामीलाई त्याग्नुभएन। तपाईंले नूहलाई बोलाउनुभयो, अब्राहामलाई चुन्नुभयो र इस्राएललाई *राष्ट्रहरूका निम्ति ज्योति* हुन अलग गर्नुभयो। त्यसपछि तपाईंले आफ्नो पुत्र—येशू, सिद्ध स्वरूप-धारण गर्नेलाई पठाउनुभयो—जसले हराएको कुरालाई उद्धार र पुनर्स्थापना गर्नुभयो।

अहिले, ख्रीष्ट मार्फत, *हामी यो मिसनलाई अगाडि बढाउँछौं।* सुसमाचार घोषणा गर्न, चेला बनाउन र *पृथ्वीलाई उद्धार पाएका आराधकहरूले भरिएको देख्न,* तपाईंको आत्माद्वारा शक्ति दिएर तपाईंले हामीलाई पठाउनुहुन्छ। *हरेक कुल* र *भाषाका* मानिसहरू प्रशंसामा तपाईंको सिंहासन अगाडि नउभिएसम्म हामीले आनन्दसाथ परिश्रम गर्न सकौं। *आमेन।*

दोस्रो दिन

# अब्राहामको आशिष्

**अब्राहामसितको परमेश्वरको करारले उहाँको अपरिवर्तनीय उद्देश्य प्रकट गर्दछ—ख्रीष्टद्वारा सबै राष्ट्रहरूमा उद्धार र आशिष् ल्याउने उद्देश्य।**

> **उत्पत्ति १२:१–३**
> *१परमप्रभुले अब्रामलाई भन्नुभयो, "तेरो देश र तेरा कुटुम्ब तथा तेरा पिताका घरबाट निस्केर जुन देश म तँलाई देखाउँछु*
> *त्यहाँ जा। २म तँबाट एउटा ठूलो जाति खड़ा गर्नेछु. . . ३तँद्वारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछन्।"*

अब्राहामका पिता तेरहको मृत्यु भइसकेको थियो। अब अब्राहाम अघि बढ्ने समय आएको थियो। उनी लामो समयदेखि हारानमा रोकिएका थिए।

अब्राहामको यात्रा वर्षौंअघि ऊरमा सुरु भएको थियो, जुन सहर चन्द्र देवतामा लागि समर्पित थियो। आफ्नो परिवारजस्तै, अब्राहाम पनि मूर्तिपूजाका रीतिथितिमा सहभागी भएका थिए। हरेक साँझ, ऊरका मानिसहरूले आफ्ना घरका मन्दिरहरूमा बत्ती बाल्थे, स्वास्थ्य, प्रजननका लागि र रातका खतराहरूबाट सुरक्षाको लागि प्रार्थना गर्थे। मूर्तिपूजा उनको जीवनको अभिन्न अंग बनेको थियो—उनले जानेको यही मात्र थियो।

तर त्यसपछि महिमाका परमेश्वर उनीकहाँ देखा पर्नुभयो र उहाँले उनलाई ऊर छोड्ने आज्ञा दिनुभयो। आफू कहाँ जाँदैछु भन्ने थाहा नपाईकनै अब्राहामले आज्ञा पालन गरे।

तिनका पिता पनि तिनका साथमा यात्रामा निस्किए र हारानसम्म पुगे। पिताको मृत्यु नहोउन्जेल तिनीहरू त्यहीँ बसे। त्यसपछि, अब्राहाम आशिष्को करारको देशको निम्ति आफ्नो घरबाट निस्किए।

उत्पत्ति १२:१–३ को मुख्य धड्कन नै 'आशिष्' हो। हिब्रू लेखकहरूले पाठको मुख्य सन्देशलाई जोड दिन दोहोरियाउने गर्छन्, र पद २ र ३ मा "आशिष्" शब्द पाँच पटक आएको छ। यो कसरी हुन सक्छ? अघिल्ला नौ अध्यायहरूले आदमको पतनदेखि बाबेलको घमण्डसम्म मानव पापको सूची प्रस्तुत गर्छन्, र हामी दण्डको कुरा उठ्छ भन्ने अपेक्षा गर्छौं। तर यसको साटो, परमेश्वरले आशिष् बोल्नुहुन्छ। मिसनविद् क्रिस्टोफर राइट भन्छन्,

> *उत्पत्ति १२:१–३ उत्पत्ति पुस्तकमा मात्र होइन तर सम्पूर्ण बाइबलको एउटा निर्णायक खण्ड हो। यसले उत्पत्ति ३–११ मा हामीले पढेका सबै कुराको बाबजुद पनि, मानवजातिलाई आशिष् दिनु नै* परमेश्वर*को अन्तिम उद्देश्य हो भन्ने खुसीको खबरको घोषणा गर्छ। अनि सबै राष्ट्रहरूका लागि त्यो आशिष् कसरी आयो भन्ने कथाले बाइबलको बाँकी भाग ओगटेको छ, जसमा ख्रीष्ट नै केन्द्रबिन्दु हुनुहुन्छ।*[क]

आशिष्को अर्थ खुसी मात्र होइन। यो फलदायी हुनु, पूर्णता, प्रशस्तता, शान्ति, समृद्धि, दीर्घायु, फस्टाएको भूमि र बढ्दै गरेको परिवार हो। सबैभन्दा महत्त्वपूर्ण कुरा, यो पवित्र आत्माद्वारा परमेश्वरसँग मेलमिलापमा जिउनु र उहाँको महिमाको अनुभव गर्नु हो (गलाती ३:१४)।

अब्राहाम, तिनको परिवार र संसारलाई परमेश्वरले गर्नुभएको प्रतिज्ञाले उत्पत्ति १:२८–३० मा आदमलाई दिइएको मूल आशिष्लाई नै निरन्तरता दिन्छ। यसले के देखाउँछ भने
पृथ्वीलाई आफ्नो महिमाले भर्ने उहाँको मिसन कहिल्यै परिवर्तन भएको छैन। उहाँ सबै राष्ट्रहरूलाई आशिष् दिने कुरामा सधैं प्रतिबद्ध रहनुहुन्छ।

हामी ख्रीष्टद्वारा त्यही प्रतिज्ञामा जोडिएका छौं र हामीले अब्राहामको आशिष् प्राप्त गर्छौं। तर हामीलाई यो प्राप्त गर्न मात्र बोलाइएको होइन—हामीलाई यो बाँड्न पनि बोलाइएको हो। जसरी परमेश्वरले अब्राहामलाई पठाउनुभयो, त्यसरी नै उहाँले अब हामीलाई राष्ट्रहरूलाई आशिष् दिने उहाँको मिसनको हिस्सा बन्न आमन्त्रित गर्नुहुन्छ।

---

क. क्रिष्टोफर राइट (Christopher Wright), *द मिसन अफ गड,* (Lisle, IL: आइभिपि एकेडेमिक, २००८) १९४।

## थप अध्ययन

उत्पत्ति १७:१–८; भजनसंग्रह ६७:१–२; यशैया ४९:६; गलाती ३:८–९

## मनन

अब्राहामले आफू कहाँ जाँदैछु भन्ने थाहा नपाईकनै, परमेश्वरमा पूर्ण भरोसा राखेर उहाँको आज्ञा पालन गरे। यो आज्ञापालनले परमेश्वरको प्रतिज्ञामा पाइला टेक्नका लागि आफ्नो विगतलाई पछाडि छोड्नुपर्ने आवश्यकता थियो। परमेश्वरलाई पूर्ण रूपमा पछ्याउनको लागि उहाँले तपाईंलाई के छोड्न भन्दै हुनुहुन्छ?

## व्यावहारिक प्रयोग

जसरी अब्राहामले मूर्तिपूजाका पुराना बानीहरू पछाडि छोडे, त्यसरी नै तपाईंको आफ्नो जीवनमा परमेश्वर र उहाँको मिसनप्रतिको समर्पणतासँग प्रतिस्पर्धा गर्ने कुनै पनि कुरा छ कि भनी जाँच्नुहोस्। उहाँलाई सुम्पनको लागि एउटा बानी, विचारको तरिका वा बाधालाई छान्नुहोस्, र यसलाई उहाँको आदर गर्ने अभ्यासले प्रतिस्थापन गर्नुहोस्।

*आजको भजन*

**सेन्ड अस (Send Us)**

## प्रार्थना

प्रभु, तपाईंले अब्राहामलाई जानका लागि बोलाउनुभयो—जानेको र सुरक्षित ठाउँ छोड्नका लागि—र अझ ठूलो कुराको लागि तपाईंमा भरोसा गर्नका लागि। तपाईंले तिनलाई आशिष् दिने प्रतिज्ञा गर्नुभयो, तिनका लागि मात्र होइन, तर तिनीद्वारा तपाईंले *सबै राष्ट्रहरूलाई आशिष् दिन* सक्नुभएको होस् भनेर। त्यही उद्देश्य अपरिवर्तित रहन्छ। ख्रीष्टमा, तपाईंले अझै पनि हामीलाई बोलाउनुहुन्छ, आशिष् दिनुहुन्छ, र *तपाईंको मिसन अगाडि बढाउन* पठाउनुहुन्छ।

पापले संसारलाई टुक्राएको भए पनि, तपाईंको उद्देश्य कायमै छ—*उद्धार र पुनर्स्थापना गर्ने उद्देश्य।* तपाईं विश्वासयोग्य हुनुभएकोले नै हामी तपाईंले हामीलाई डोऱ्याउनुहुनेछ भन्ने भरोसा गर्दै विश्वासमा हिँड्ने कार्यलाई रोज्छौं।

अगाडिको बाटो देख्न नसक्दा पनि हामी तपाईंको *अपरिवर्तनीय मिसनमा* समर्पित हुन्छौं। जसरी तपाईंले हामीलाई आशिष् दिनुभएको छ, त्यसरी नै *जहाँ तपाईंले पठाउनुहुन्छ त्यहाँ जान र संसारको लागि आशिष् बन्न* हामीलाई साहस दिनुहोस्। *आमेन।*

तेस्रो दिन

# पृथ्वीको पल्लो छेउसम्म

**सबै राष्ट्र र पुस्ताका मानिसहरूले परमेश्वरको धार्मिकता र ख्रीष्टको पूरा भएको कामको घोषणा गर्नेछन्।**

**भजनसंग्रह २२:१, २७, ३०–३१**

*१“हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ?” . . . २७पृथ्वीका पल्लो छेउसम्मका*
*सबैले सम्झना गर्नेछन् र तिनीहरू परमप्रभुतिर फर्कनेछन्, र जाति-जातिका सबै परिवारहरूले तपाईंको सामु दण्डवत्*
*गर्नेछन्।...३०भावी सन्तानले उहाँको सेवा गर्नेछन्, भावी पुस्तालाई परमप्रभुको बारेमा बताइनेछ। ३१अहिलेसम्म*
*जन्म नभएको एउटा जातिलाई  तिनीहरूले उहाँको धार्मिकताको घोषणा गर्नेछन्– किनकि उहाँले यो गर्नुभएको छ।*

शत्रुहरूको क्रूर आक्रमणको बेला, दाऊद रुँदै भन्छन्, “म मानिस होइन, केही पनि होइन, माटोमा भएको कीरा हुँ। तिनीहरूले मेरो गिल्ला गर्छन्। मेरो मुखमा थुक्छन्। टाउको हल्लाउँछन् र उपहास गर्छन्। तिनीहरू भोका जनावरहरूझैं मलाई घेर्छन्। तिनीहरूले मेरा हात र खुट्टा छेडेका छन्। म मेरा हड्डीहरू देख्न सक्छु। मलाई सताउनेहरू साँढे, कुकुर र जङ्गली गोरूजस्तै गर्जन्छन्। म पोखिएको छु, रित्तो र टुटेको छु। मेरो हृदय पग्लिएको छ। मेरो बल गएको छ, मेरो जिब्रो तालुमा टाँसिएको छ। म मृत्युको धूलोमा परेको छु” (भजनसंग्रह २२:६–१८ बाट परिमार्जित गरी लिइएको)।

दाऊदको जीवनमा कुनै पनि घटना यी शब्दहरूको तीव्रता र पीडासँग मेल खाँदैन। उनको विलाप उनको आफ्नै पीडाभन्दा बढी छ र यसले ख्रीष्टको पीडाको पूर्वसंकेत गर्छ। दाऊदको पीडाले

येशूले क्रूसमा जाति-जातिका मुक्तिको मूल्य चुकाउने क्रममा भोग्नुहुने असीमित पीडाको पूर्वाभास दिन्छ। भजनसंग्रह २२ क्रन्दनको रूपमा रहेको अगमवाणी हो।

भजन अगाडि बढ्ने क्रममा, दाऊद पीडामा डुब्छन् तर आराधना उक्लन्छन्। उनले निराशामा सुरु गर्छन् तर अन्तिम शब्दहरू "उहाँले यो गर्नुभएको छ" भन्दै आत्मविश्वासमा टुङ्ग्याउँछन्, जुन क्रूसमा ख्रीष्टको विजयी क्रन्दन—"पूरा भयो" भन्ने वाक्यको पूर्वसंकेत हो। भजनको यो पछिल्लो भागमा, दाऊदले आफ्नो नजर आफैबाट जाति-जातितर्फ मोडेका छन्, र उनको स्वर विलापबाट प्रशंसामा परिणत हुन्छ। आफ्नो परिस्थितिको बीचमा उनले आफ्नो ध्यान पुनः केन्द्रित गर्छन् र आफूभन्दा ठूलो कुरा देख्छन्: जाति-जाति र आउने पुस्ताहरूका लागि परमेश्वरको मिसन।

हामी परमेश्वरको मिसन केन्द्रित हृदयको बारेमा दुई महत्त्वपूर्ण सत्यहरू सिक्छौं।

१. **राष्ट्रहरू प्रभुतिर फर्कनेछन्।** "पृथ्वीका पल्लो छेउसम्मका सबै प्रभुतिर फर्कनेछन्।" क्रूसमा भएको ख्रीष्टको मृत्यु एउटा राष्ट्रको लागि मात्र थिएन तर सबै राष्ट्रका मानिसहरूका लागि थियो, र यसले अन्ततः ठूलो भीडको उद्धार गर्नेछ।

२. **भावी पुस्ताले सुन्नेछ र प्रतिक्रिया दिनेछ।** "भावी पुस्ताले उहाँको सेवा गर्नेछ।" मिसन समाप्त हुँदैन—यो निरन्तर चलिरहन्छ। यो विश्वव्यापी र पुस्तान्तरण हुने किसिमको छ, किनभने एक पुस्ताले अर्कोलाई चेला बनाउँछ। परमेश्वरको मिसन केन्द्रित बोलाहटको प्रतिक्रियास्वरूप अरूलाई चेला बनाउनु हाम्रो जिम्मेवारी हो।

## थप अध्ययन

भजनसंग्रह २२; भजनसंग्रह ७८:५–७; यशैया ५२:१०; ५३:३–५; मत्ती २७:४६

## मनन

भजनसंग्रह २२ निराशाबाट प्रशंसामा सर्दै, वेदनामा सुरु हुन्छ तर विजयमा टुङ्गिन्छ। कष्टमा पनि, परमेश्वरले आफ्ना उद्देश्यहरू पूरा गरिरहनुभएको हुन्छ। तपाईं कसरी आफ्ना पीडाका क्षणहरूलाई आराधना र गवाहीको अवसरमा बदल्न सक्नुहुन्छ?

## व्यावहारिक प्रयोग

तपाईंको कार्यस्थल, विद्यालय वा छिमेकमा फरक सांस्कृतिक वा जातीय पृष्ठभूमिको कुनै एउटा व्यक्तिलाई पहिचान गर्नुहोस्। तिनको कथा बुझ्नलाई समय लिनुहोस्, तिनको दृष्टिकोण सुन्नुहोस्, र यस हप्ता तिनीसँग ख्रीष्टको प्रेम बाँड्ने उपाय खोज्नुहोस्।

*आजको भजन*

**मेनी वाटर्स (Many Waters)**

## प्रार्थना

येशू, हामीले उद्धार पाउन सकौं भनेर तपाईं त्यागिनुभयो। तपाईंको वेदनाले भजनसंग्रह २२ को भविष्यवाणी पूरा गर्‍यो, अनि *राष्ट्रहरूका लागि मुक्ति* सुनिश्चित गर्‍यो। क्रूसमा तपाईंले पूरा गर्नुभएको कामद्वारा, मुक्ति *पृथ्वीको पल्लो छेउसम्म* आएको छ। राष्ट्रहरूले सम्झना गरून् र तपाईं तिर फर्कून्।

तपाईंको नाम कहिल्यै नसुनेकाहरूको हृदय खोलिदिनुहोस्, र सुसमाचार हरेक *कुल, भाषा र मानिसहरूसम्म* पुगोस्। हरेक परिवार, हरेक पुस्ता र हरेक राष्ट्र आराधना गर्दै तपाईंको सिंहासनको अगाडि झुक्न सकून्।

*फसलका लागि खेतालाहरू खडा गर्नुहोस्* जसले उद्धार पूरा भयो र ऋण तिरियो भनेर घोषणा गर्नेछन्। *हामीलाई तपाईंले चाहेको जुनसुकै ठाउँमा पठाउनुहोस्,* ताकि हाम्रो जीवन तपाईंको महिमाको लागि प्रयोग होस्। हाम्रो जीवनले ख्रीष्टको विजय प्रतिबिम्बित गरोस्, र *राष्ट्रहरू तपाईंको मुक्तिमा रमाउन सकून्। आमेन।*

चौथो दिन

# मिसनका परमेश्वर

**परमेश्वरको अनुग्रह र करुणाको प्रकाशले हामीलाई राष्ट्रहरूमा उहाँको घोषणा गर्न प्रेरित गर्छ।**

**यशैया ६:१–३, ५–८**

*१उज्जियाह राजा मरेको वर्षमा मैले परमप्रभुलाई अग्लो र उच्च सिहासनमा विराजमान हुनुभएको देखें। उहाँको वस्त्रको*
*छेउले मन्दिरै ढाकेको थियो। २उहाँको मास्तिर सराफहरू खड़ा थिए– प्रत्येकका छ-छ वटा पखेटा थिए। दुई वटा*
*पखेटाले तिनीहरूले आफ्नो मुख ढाकेका थिए, दुई वटाले आफ्ना खुट्टा ढाकेका थिए, र दुई वटाले तिनीहरू उड्दैथिए।*
*३अनि एउटाले अर्कालाई यसो भन्दै तिनीहरू पुकार्दैथिए: "सर्वशक्तिमान् परमप्रभु, पवित्र, पवित्र, पवित्र हुनुहुन्छ,*
*सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ।" . . . ५मैले भनें, "धिक्कार! म नष्ट भएँ" ६तब चिम्टाले वेदीबाट आगोको*
*भुङ्ग्रो हातमा लिएर सराफहरूमध्ये एक जना मकहाँ उड़ेर आए।...७ तिनले मेरो मुख त्यस भुङ्ग्रोले छोएर भने,*
*"...हेर, यसले तिम्रो ओठ छोएको छ। अब तिम्रो अधर्म मेटियो, र तिम्रो पापको प्रायश्चित भयो।" ८ तब मैले*
*परमप्रभुको यो आवाज सुनें, "म कसलाई पठाऊँ, र हाम्रा निम्ति को जाने?" अनि मैले भनें, "म हाजिर छु। मलाई*
*पठाउनुहोस्!"*

उज्जियाहको मृत्यु भएको वर्ष, यशैया मन्दिरमा पसे। उनले त्यहाँ परमेश्वरलाई उच्च र महान्, र सिहासनमा विराजमान हुनुभएको देखे। उहाँको पोशाकले मन्दिर भरिएको थियो। पुरातन निकट पूर्वमा, राजाहरूले आफ्ना पोशाकहरूको भव्यता मार्फत आफ्नो महानता प्रदर्शन गर्थे। परमेश्वरको पोशाकको विशालता यति ठूलो थियो कि यसले सम्पूर्ण मन्दिर भरिदियो।

दुई सराफहरूले एक अर्कालाई उच्च सोरमा भने, “पवित्र, पवित्र, पवित्र, सर्वशक्तिमान परमप्रभु।”
यहाँ 'पवित्र' भन्ने शब्दले यति तीव्र सुन्दरतालाई जनाउँछ कि यसले तपाईंको सास रोकिदिन्छ। यति सुन्दर र मनमोहक पवित्रता जसको लागि कुनै पनि मूल्य चुकाउनु सार्थक हुन्छ।

हामी यस संसारमा यस्तो सुन्दरताको झलक खोज्छौं। लण्डनको टावरको बारेमा सोच्नुहोस्, जसले विश्वको सबैभन्दा ठूलो शाही रत्नहरूको संग्रहलाई प्रदर्शन गर्दछ। एउटा चलिरहने बाटो (moving walkway) ले आगन्तुकहरूलाई हीरा, पन्ना, माणिकहरू—मुकुट, राजदण्ड, गहना र अन्य धेरैमा जडिएका २३,००० भन्दा बढी रत्नहरूको नजिक लैजान्छ। यो शब्दमा व्याख्या गर्न नसकिने गरी आकर्षक छ। तर यो परमेश्वरको पवित्रताको सुन्दरताको अगाडि केही पनि होइन।

यो परमेश्वरको बारेमा यशैयाको पहिलो प्रकाश थियो। उनको दोस्रो प्रकाश आफ्नै बारेमा थियो: “मलाई धिक्कार छ! म त बरबाद भएँ।” जब हामी मिसनका परमेश्वरलाई देख्छौं, तब हामी आफैलाई उहाँको विपरीत धारमा पाउँछौं। अनि यो एक विनाशकारी खुलासा हो।

सिद्ध पवित्रताको सामना गर्दा, यशैयाले आफ्नो पापको पूर्ण गहिराइ देखे। उनीसँग कुनै बचाउ थिएन र आत्म-सुधारको कुनै योजना थिएन, केवल क्रोधको अपेक्षा थियो। तर जब सराफले बलिरहेको कोइला लिएर उनको ओठ छोयो, तब त्यहाँ कुनै न्याय थिएन, केवल कृपा मात्रै थियो। “तिम्रो दोष हटाइएको छ। तिम्रो पापको प्रायश्चित भएको छ।” आफू सोचेको भन्दा बढी दुष्ट छु भन्ने महसुस गरेको एकै क्षण पछि नै, उनले कहिल्यै कल्पना गरेको भन्दा बढी प्रेम गरिएको व्यक्ति हुँ भन्ने पत्ता लगाए।

सुसमाचारको यो प्रकाशले उनलाई बदल्यो। कामको विवरण थाहा पाउनु अघि नै उनले स्वेच्छाले सेवा गरे, र उनलाई आराले चिरेर दुई टुक्रा पारियो—अर्थात् उनले एउटा क्रूर मृत्यु भोगे भन्ने कुरा ऐतिहासिक परम्पराले हामीलाई बताउँछ। तर जब हामी मिसनका परमेश्वरलाई भेट्छौं, तब उहाँले हामीसँग माग्ने कुरा धेरै ठूलो भन्ने हुँदैन। हामी जहाँ पनि जानेछौं र जस्तोसुकै मूल्य चुकाएर जे पनि गर्नेछौं। के महाआदेशका लागि आफ्नो सर्वस्व दिनबाट तपाईंलाई कुनै कुराले रोकिरहेको छ?

## थप अध्ययन

प्रस्थान ३४:६–७; इजकिएल १:२६–२८; लूका ५:८–१०; प्रेरित ९:३–६

## मनन

यशैयाले परमेश्वरको पवित्रता देखे र आफ्नै पापले विचलित भए, तैपनि परमेश्वरले उनलाई शुद्ध पार्नुभयो र नियुक्त गर्नुभयो। परमेश्वरसँगको साँचो जम्काभेटले हामीलाई विनम्र मात्र बनाउँदैन तर हामीलाई पठाउँछ पनि। तपाईंको जीवनमा आएको परमेश्वरको अनुग्रहले तपाईंलाई उहाँको सन्देश अरूसँग बाँड्न कसरी तयार गरेको छ?

## व्यावहारिक प्रयोग

यस हप्ता परमेश्वरको पवित्रताको बारेमा मनन गर्न समय लिनुहोस्। तपाईंको जीवनमा रहेको पापको कुनै पनि क्षेत्र देखाइदिनुहोस् भनी पवित्र आत्मालाई अनुरोध गर्नुहोस्। जसरी यशैयाले पश्चातापमा प्रतिक्रिया दिए, त्यसरी नै पाप स्वीकार गर्नुहोस् र परमेश्वरको कृपा प्राप्त गर्नुहोस्। अझ ठूलो पवित्रतामा हिँड्नको लागि तपाईंले चाल्ने एउटा कदम लेख्नुहोस्।

*आजको भजन*

**एनिवेयर (Anywhere)**

## प्रार्थना

प्रभु, तपाईं सर्वोच्च र उचालिनुभएको छ, सबैभन्दा माथि विराजमान, र महिमाले पहिरिनुभएको छ। *सारा पृथ्वी तपाईंको* महिमाले भरिएको छ। तपाईंको पवित्रता चम्किलो र सुन्दर छ। हामी यसको झलक देख्छौं र काम्छौं। हामी नाश भएका छौं।
यशैयाजस्तै, हामी आफैलाई तपाईंको सिद्ध पवित्रताको प्रकाशमा देख्छौं—पापी र अयोग्य रहेछौं भनेर। हामीसँग कुनै बहाना छैन र कुनै बचाउ छैन। केवल तपाईंको दया छ। तपाईंले हाम्रा ओठहरू छुनुहुन्छ, हाम्रो दोष जलाउनुहुन्छ, र *हामीलाई जानका लागि बोलाउनुहुन्छ*।

अनुग्रहद्वारा परिवर्तन भएको हृदयले, हामी तपाईंले भन्नुभएको सुन्छौं: "म कसलाई पठाऊँ?" र हामीलाई अगाडिको बाटो थाहा नभए पनि, हामी भन्छौं, "हामी यहाँ छौं। हामीलाई पठाउनुहोस्।"

हामीलाई रोक्ने हरेक हिचकिचाहट, डर र सांसारिक मोह हटाइदिनुहोस्, र तपाईंको नाउँको खातिर बोल्न हामीलाई साहसी बनाउनुहोस्।
*आमेन।*

पाँचौं दिन

# जाने महाआदेश

**महाआदेश ख्रीष्टबाट मण्डलीलाई दिइएको प्राथमिक जनादेश हो—जुन उहाँले पहिलो पटक दिँदा जति जरुरी थियो, आज पनि त्यति नै जरुरी छ।**

**मत्ती २८:१८–२०**

*१८तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। १९यसकारण जाओ, र*
*सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, २०मैले*
*तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका*
*साथमा छु।"*

संसारभरि सुसमाचार पुर्‍याउन पुरुष र महिलाहरूलाई पठाउँदै मण्डली आगोद्वारा सुरु भयो। तर शताब्दीयौं बित्दै जाँदा, त्यो आगो सेलायो। धेरै विश्वासीहरू निष्क्रिय भए। तिनीहरूले मिसनमा जिउनु आवश्यक छैन भन्ने ठाने। यदि परमेश्वरले हराएकाहरूलाई बचाउन चाहनुहुन्छ भने, मिसनरीको सहायता बिना नै उहाँले आफ्नै तरिकाले यो काम गर्नुहुनेछ भन्ने तिनीहरूले सोचे।

जस्टिनियन भोन वेल्ज (१६२१–१६८८) ले त्यो गलत धर्मशास्त्रको विरुद्धमा लडे। प्रोटेस्टेन्ट मण्डलीहरूले संसारलाई सुसमाचार सुनाउने येशूको आज्ञालाई बेवास्ता गरेका छन् भन्ने उनलाई लागेको थियो। मिसनरी समाजहरूको स्थापनाका लागि एक साँचो आह्वान (A Sincere Call for the Establishment of Missionary Societies) मा, उनले के तर्क गरेका छन् भने येशूको महाआदेश इतिहासभरिका सबै इसाईहरूमा लागू हुन्छ।

एक शताब्दी भन्दा बढी समयपछि, विलियम केरीले यो कुरालाई फेरि उठाए। सेवकहरूको भेलामा अगाडि उभिएर उनले यो घोषणा गरे, "सबै राष्ट्रहरूलाई सिकाउन प्रेरितहरूलाई दिइएको आज्ञा संसारको पल्लो छेउसम्म रहेका

सबै सेवकहरूमा लागू हुन्छ।" तिनीहरूको प्रतिक्रिया छिटो र प्रखर थियो: "ए जवान मान्छे, बस! जब परमेश्वरले अन्यजातिहरूलाई परिवर्तन गर्न चाहनुहुन्छ, तब उहाँले तिमी वा मसँग सल्लाह नगरी त्यो काम गर्नुहुनेछ।"

तर परमेश्वरले हराएकाहरूलाई एक्लै विश्वासमा ल्याइरहनुभएको थिएन। यसको सट्टा, उहाँले पुरुष र महिलाहरूलाई गएर र शुभ समाचार प्रचार गर्न बोलाइरहनुभएको थियो। केरीले त्यो बोलाहट सुने, आज्ञा पालन गरे, र आधुनिक मिसन अभियान सुरु गरे।

महाआदेश अझै पनि बाध्यकारी छ, र परमेश्वरले अझै पनि बोलाइरहनुभएको छ। हामी यो कुरा चारवटै सुसमाचारका पुस्तकहरूमा अनि फेरि प्रेरितको पुस्तकमा पनि पाउँछौं। तर मत्तीको पाठ विशेष छ, र यसको एउटा कारण भनेको "सबै"[क] भन्ने शब्दको व्यापक प्रयोग हो।

**सबै अधिकार:** येशू, पुनरुत्थान हुनुभएको प्रभु, सबै प्रधानताहरूको शिर र सबै थोकका मालिकले हामीलाई जाने आज्ञा दिनुहुन्छ। उहाँसँग आदेश दिने, निर्णय गर्ने र आज्ञापालन गराउने अधिकार छ। उहाँ जो हुनुहुन्छ त्यस कुराले गर्दा, हामी अन्य सबै हाम्रा वफादारीताहरू छोडेर उहाँलाई पछ्याउँछौं। हामीले उहाँलाई प्रभु भन्ने अनि उहाँको वचनलाई चाहिं बेवास्ता गर्ने गर्न सक्दैनौं।

**सबै राष्ट्रहरू:** येशूले "सबै राष्ट्रहरू" भन्ने क्रममा महाआदेशको सीमा कति हो भन्ने कुरा तोक्नुभयो।[ख] परमेश्वरको प्रेमले कुनै जातीय वा राष्ट्रिय सीमा जान्दैन। सबै मानिसहरू, भाषाहरू र कुलहरू उहाँको राज्यमा स्वागतयोग्य छन्। उहाँले हामीलाई धर्म परिवर्तन गराएर मान्छे भेला गर्नका लागि होइन तर चेला बनाउनका लागि पठाउनुहुन्छ। बप्तिस्मा दिने र सिकाउने कार्य यही कामको अंश हुन्, तर कामको मुटु भने चेलापन नै हो।

**मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा:** महाआदेशले हामीलाई कुन आज्ञाहरू पालन गर्ने भनेर छनौट गर्ने अनुमति दिंदैन। हामीले आफूलाई मन पर्नेलाई मात्र रोज्न सक्दैनौं। चेलापनको उद्देश्य भनेको उहाँका सबै आज्ञाहरू पालन गर्ने मानिसहरूलाई विकास गर्नु हो (किनभने तिनीहरूले उहाँलाई प्रेम गर्छन्)।

**सधैं:** उहाँको प्रतिज्ञा उहाँको आज्ञा जस्तै दृढ छ: "म सधैं तिमीहरूसँग छु।" कहिलेकाहीँ होइन। बाटो सहज हुँदा मात्र होइन। सधैं। समस्या, खतरा वा शंकामा। हामी जाँदा र महाआदेशको हाम्रो भाग पूरा गर्दा उहाँको उपस्थिति नै हाम्रो आत्मविश्वास र शक्ति हुन्छ।

---

a. Packer, *Evangelism and the Sovereignty of God,* (Downers Grove, IL: IVP, 2012) 36.

b. Ethnos (Gr.): a body of persons united by kinship, culture, and common traditions. William Arndt et al., *A Greek-English Lexicon of the New Testament and Other Early Christian Literature* (Chicago: University of Chicago Press, 2000), 276.

## थप अध्ययन

मत्ती ९:३७–३८; यूहन्ना २०:२१–२२; रोमी १०:१३–१५; २ कोरिन्थी ५:१८–२०;
फिलिप्पी २:१०–११

## मनन

इतिहासभरि धेरै जना निष्क्रिय भए र तिनीहरूले मिसनको बोलाहटको विरोध गरे। तपाईंले कसरी आफ्नो हृदयमा महाआदेशको जरुरीपनालाई जीवित राख्न सक्नुहुन्छ?

## व्यावहारिक प्रयोग

मत्ती २८:१८–२० मा भएका चारै वटा "सबै" भन्ने शब्दको बारेमा गर्नुहोस्। के तपाईं उहाँको अधिकारमा पूर्ण रूपमा समर्पित हुनुहुन्छ? के तपाईंसँग सबै राष्ट्रहरूको लागि हृदय छ? के तपाईंले उहाँका सबै आज्ञाहरू पालन गरिरहनुभएको छ? के तपाईंले सधैं तपाईंसँग हुन्छु भनी उहाँले दिनुभएको प्रतिज्ञामा भरोसा गर्नुहुन्छ? यी चारमध्ये कुनमा तपाईं बढ्नु आवश्यक छ?

*आजको भजन*

**क्यारी माई क्रस (Carry My Cross)**

## प्रार्थना

तपाईं पुनरुत्थान हुनुभएका राजा हुनुहुन्छ, *स्वर्ग र पृथ्वीमा* सबै अधिकार भएका राजा। तपाईंले हामीलाई *जान—चेला बनाउन,* बप्तिस्मा दिन र सिकाउनका लागि बोलाउनुभएको छ। तपाईंको आज्ञा स्पष्ट छ; यो हाम्रो प्राथमिक जनादेश हो, तपाईंले पहिलो पटक बोल्नुहुँदा यो जति अत्यावश्यक थियो आज पनि यो त्यतिकै अत्यावश्यक छ। यदि हामी तपाईंले हामी बिना नै काम गर्नुहुनेछ भन्ने मान्दै अल्छी भयौं भने हामीलाई क्षमा गर्नुहोस्।

हाम्रो हृदयमा यस्तो आगो बाल्नुहोस् जुन आगोले पहिलो चेलाहरूलाई *पृथ्वीको पल्लो छेउसम्म पठाएको थियो।* तिनीहरूको जोशले हाम्रो जोशलाई जगाओस्। *मिसन* अरू कसैको हो भन्ने धारणालाई हामी अस्वीकार गर्छौं। हामीलाई हराएकाहरूलाई देख्ने आँखाहरू, तिनीहरूलाई प्रेम गर्ने हृदय र तपाईंको सत्यता घोषणा गर्ने आवाजहरू दिनुहोस्।

तपाईं हाम्रो *अघि जानुहुन्छ* र तपाईंको उपस्थितिले हामीलाई थाम्छ भन्ने कुरालाई हामी स्वीकार गर्दछौं। हामी ढिलाइ वा हिचकिचाहट गर्नेछैनौं। हामीलाई तत्पर राख्नुहोस्, चलायमान राख्नुहोस्, भरोसा गरिरहने बनाउनुहोस्। *आमेन।*

निष्कर्ष

# सिहासनमा थुमा

**परमेश्वरको मिसन असफल हुन सक्दैन, त्यसैले हामी आतुरी र आत्मविश्वासका साथ जान्छौं।**

**प्रकाश ७:९–१०**

*९यसपछि कुनै मानिसले गन्न नसक्ने एउटा ठूलो भीड, जो हरेक जाति, सबै कुलहरू, मानिसहरू र भाषा बोल्नेबाट थियो,*
*सेता पोशाक पहिरेर हातमा खजूरका हाँगा लिई सिहासन र थुमाको सामुन्ने उभिरहेको मैले देखें। १०तिनीहरू उच्च सोरले*
*कराए: "सिहासनमा विराजमान हुनुहुने हाम्रा परमेश्वर र थुमामा मुक्ति छ।"*

यूहन्नाको दर्शनमा, उद्धार पाएकाहरू क्षितिजभन्दा परसम्म फैलिएका हुन्छन्, र आँखाले देखुन्जेलसम्मको एक विशाल भीड हुन्छ। तिनीहरूले सेता बस्त्र लगाएका हुन्छन्, थुमाको रगतमा धोएर शुद्ध पारिएका हुन्छन्। तिनीहरूले खजुरका हाँगाहरू बोकेका हुन्छन्, जुन विजय र उत्सवका प्रतीकहरू हुन्। तिनीहरूले एकजुट भएर उच्च सोरमा भन्छन्: "हाम्रा परमेश्वर र थुमालाई नै हाम्रो मुक्तिको श्रेय जान्छ!" तिनीहरूको छुटकारा परमेश्वर र उहाँको पुत्रको उद्धारको कार्यमा निर्भर छ भन्ने तिनीहरूलाई थाहा हुन्छ।

आकाशका ताराहरू र समुद्रको किनारको बालुवा जस्तै असंख्य रहेको यो ठूलो जनसमूहले, परमेश्वरले अब्राहामलाई गर्नुभएको प्राचीन प्रतिज्ञा पूरा गर्दछ—उनीद्वारा, सबै जाति तथा राष्ट्रहरूले आशिष् पाउनेछन् भन्ने प्रतिज्ञा (उत्पत्ति १२:३)।

यसले ख्रीष्टको महाआदेशलाई पनि पूरा गर्दछ। येशूले हामीलाई सबै जातिहरूलाई चेला बनाउने आज्ञा दिनुभयो (मत्ती २८:१९), र हामी यस परिदृश्यमा हाम्रो आज्ञापालनको परिणाम देख्छौं। दानिएलको दर्शनमा पूर्वसंकेत गरिएको परमेश्वरको उद्धारको योजना—

"उहाँलाई अधिकार, महिमा र सार्वभौमिक शक्ति दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे।" (दानिएल ७:१४)—यसको महिमाको चरमोत्कर्षमा पुगेको छ।

दर्शन भनेको भविष्यको झलक मात्र होइन तर वर्तमानको लागि आह्वान पनि हो। हामीले राष्ट्रहरूसम्म पुग्ने हाम्रो काम अझै सकेका छैनौं। मानिसका समूहहरूमा अझै पनि पुग्न बाँकी छ। सुसमाचारले सिमानाहरू पार गर्नुपर्छ र जहाँ ख्रीष्ट अपरिचित हुनुहुन्छ त्यहाँ यसले जरा गाड्नुपर्छ। परमेश्वरको मिसनको निश्चितताले हाम्रो आतुरीपनालाई बढाउँछ। हामीलाई परिणाम थाहा भएको हुनाले, हामी आत्मविश्वासका साथ अघि बढ्छौं।

प्रकाश ७:९–१० ले हामीलाई मिसन असफल हुनेछैन भन्ने कुरा स्मरण गराउँछ। परमेश्वरले जे सुरु गर्नुभयो त्यसलाई पूरा गर्नुहुनेछ। सुसमाचार पृथ्वीको पल्लो छेउसम्म पुग्नेछ। यो निश्चितताले हाम्रो भूमिकालाई अनावश्यक बनाउँदैन—यसले यसलाई अर्थपूर्णचाहिँ बनाउँछ। परमेश्वर जसले सार्वभौम रूपमा आफ्नो योजना पूरा गर्नुहुन्छ, उहाँले नै हामीलाई यसमा सहभागी हुन बोलाउनुहुन्छ। हरेक राष्ट्रबाट उद्धार पाएकाहरू एक दिन सिंहासनको अगाडि उभिनेछन् भन्ने थाहा पाएर, उहाँले हामीलाई बोल्न, परिश्रम गर्न र मुठ्ठी खोल्नका लागि पठाउनुहुन्छ।

त्यो दिन नआउन्जेल, हामी जान्छौं।

---

## परमेश्वरले तपाईंलाई कहाँ जानका लागि बोलाउनुभएको छ?

---

## थप अध्ययन

मत्ती २४:१४; प्रेरित १:६–८; प्रकाश ५:९; प्रकाश १४:६–७

## मनन

महाआदेश निरन्तर जारी रहेको छ—अझै पनि नपुगिएका मानिसका समूहहरू छन्। कुन डर, बहाना वा अवरोधहरूले तपाईंलाई विश्वव्यापी वा स्थानीय मिसनहरूमा अझ बढी संलग्न हुनबाट रोकिरहेका छन्, र तपाईंले तिनलाई कसरी जित्न सक्नुहुन्छ?

## व्यावहारिक प्रयोग

सुसमाचार अघि बढाउनका लागि परमेश्वरले तपाईंलाई कसरी उदार हुनलाई बोलाउँदै हुनुहुन्छ भनी प्रार्थना गर्नुहोस्, र परमेश्वरको विश्वव्यापी मिसनमा आर्थिक रूपमा लगानी गर्न सक्ने एउटा तरिकाबारे विचार गर्नुहोस्।

*आजको भजन*

**रेड एण्ड ह्वाइट (Red & White)**

## प्रार्थना

प्रभु, संसार तपाईंकै हो, र *तपाईंको मिसन असफल हुन सक्दैन।* तपाईंले प्रतिज्ञा गर्नुभएको छ, कि एक दिन, *हरेक राष्ट्रबाट एउटा ठूलो भीड* तपाईंको अगाडि उभिनेछ, र तिनीहरूले यसो भन्दै गाउनेछ "हाम्रा परमेश्वर र थुमालाई नै मुक्ति बास गर्छ!"

त्यो दिन नआउन्जेल, हामीलाई आतुरीपना र आत्मविश्वासका साथ *पठाउनुहोस्। हाम्रा खुट्टाहरूले सुसमाचार बोकेर नसुनेकाहरूकहाँ पुर्याऊन् र हाम्रा आवाजहरूले साहसका साथ सुसमाचार घोषणा गरून्।*

तपाईंको मण्डलीलाई परिश्रम गर्न, मुठ्ठी खोल्न र जानका लागि बलियो बनाउनुहोस्, किनकि काम सकिएको छैन। बाटो र काम कठिन हुन सक्छ, तर तपाईंको प्रतिज्ञा पक्का छ।

हाम्रा हातहरू स्थिर र हाम्रा हृदयहरू सच्चा र तत्पर राख्नुहोस् *ताकि जहाँ पुगेको छैन त्यहाँ सुसमाचार पुग्न सकोस्। आमेन।*

एभ्री नेशन (Every Nation) मण्डलीहरूको एउटा विश्वव्यापी परिवार हो, जुन हरेक राष्ट्रमा ख्रीष्ट केन्द्रित, आत्माद्वारा सशक्त, सामाजिक रूपमा जिम्मेवार मण्डलीहरू र क्याम्पस सेवकाइहरू स्थापना गर्दै परमेश्वरलाई सम्मान गर्न स्थापना भएको हो।

#ENfast2026

EveryNation.org/Fasting